apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

सूचना

छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

● वर्ष: १२ ● अंक: २९४ ● पृष्ठ: ४ ● २२ कार्तिक २०८३ आइतबार (08 November 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

६ वर्षपछि गोलबजार-लगडी सडकमा कालोपत्रे सुरू

दुई पटक म्याद थप्दा पनि अधुरै, ५१ करोडको आयोजना अझै ४५ प्रतिशत मात्र सम्पन्न

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २१ गते



सिरहाको गोलबजारदेखि लगडी गदियानीसम्मको सडक निर्माणमा भएको चरम ढिलाइपछि बल्ल कालोपत्रे सुरु भएको छ। ६ वर्षदेखि निर्माणाधीन सडक निर्धारित समयमै सम्पन्न हुन नसक्दा स्थानीयले वर्षैदेखि धुलो, धुवाँ र जीर्ण सडकको सास्ती खेप्दै आएका छन्।

हुलाकी राजमार्ग निर्देशनालय कार्यालय जनकपुरले २०७७ भदौ २४ गते ३० महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी ९१ करोड ३९ लाख ७९ हजार ६० रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो। सम्झौताअनुसार २०७९ फागुन २३ गतेभित्र काम सम्पन्न हुनुपर्ने थियो। तर, निर्धारित समय सकिँदा पनि आयोजना अधुरै रह्यो।

निर्माणमा भएको ढिलाइपछि निर्देशनालयले पहिलो पटक २०८० फागुन २२ गतेसम्म र दोस्रो पटक २०८१ फागुन २२ गतेसम्म एक-एक वर्ष म्याद थप गरेको थियो। दुई पटक म्याद थप्दा पनि काम पूरा नभएपछि पुनः असार मसान्तसम्म सम्पन्न गर्ने गरी तेस्रो पटक म्याद थप गरिएको छ।

वर्षैदेखि अलपत्र सडकमा शुक्रबारदेखि कालोपत्रे सुरु गरिएको हो। निर्माण कम्पनीका साइट इन्चार्ज बेचन साहले राजनीतिक दल, जनप्रतिनिधि तथा सर्वसाधारणबाट अवरोध नभए थपिएको म्यादभित्रै काम सम्पन्न गर्ने दाबी गरे।

उनका अनुसार छठपर्वसम्म चार किलोमिटर सडक कालोपत्रे गर्ने र त्यसपछि बाँकी काम अघि बढाउने योजना छ। 'वर्षैदेखि नागरिकले धैर्य गर्दै आएका छन्। अब धैरै समय कुर्नुपर्ने छैन। असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने हाम्रो लक्ष्य छ,' साहले भने।

हुलाकी राजमार्ग निर्देशनालय कार्यालय जनकपुरका सबइन्जिनियर नरेन्द्र यादवका अनुसार निर्माण कम्पनीले हालसम्म ठेक्का रकमको करिब ४० प्रतिशत भुक्तानी लिइसकेको छ। आयोजनाको भौतिक प्रगति भने करिब ४५ प्रतिशत मात्रै पुगेको छ।

करिब ९१ करोड रुपैयाँको आयोजना सम्झौता भएको ६ वर्ष बितिसक्दा पनि आधाभन्दा कम भौतिक प्रगति हुनु निर्माण कार्यको सुस्त गति र आयोजना व्यवस्थापनमाथि प्रश्न उठाउने

बाँकी पृष्ठ २ ▶▶

सिरहामा डेढ लाख मूल्यका पटाका नष्ट



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २१ गते

सिरहा प्रहरीले विभिन्न समयमा बरामद गरेका करिब डेढ लाख रुपैयाँ मूल्य बराबरका पटाकाजन्य पदार्थ नष्ट गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहा तथा मातहतका प्रहरी कार्यालयहरूले विभिन्न समयमा गरेको कारबाहीका क्रममा नियन्त्रणमा लिएका पटाकाजन्य पदार्थ नष्ट गरेको जनाएको छ। प्रहरीका अनुसार करिब १ लाख ५० हजार रुपैयाँ मूल्य बराबरका पटाकाजन्य सामग्री सिरहा नगरपालिका-६ स्थित कमला नदीको किनारमा खाल्डो खनेर पुरिएको हो।

स्थानीयवासी तथा पत्रकारहरूको रोहवरमा बरामद पटाकाजन्य पदार्थ नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। चाडपर्वका समयमा पटाकाको अवैध ओसारपसार, बिक्री वितरण तथा प्रयोगबाट आगलागी र दुर्घटनाको जोखिम बढ्ने भएकाले प्रहरीले यस्ता गतिविधि नियन्त्रणका लागि निगरानी र कारबाही गर्दै आएको जनाएको छ।

आज धनधान्यकी देवी लक्ष्मीको पूजा

घरघरमा दीपावली गरी लक्ष्मीको स्वागत, साँझदेखि भैलो खेल्ने परम्परा

अपन दैनिक संवाददाता
सिरहा। यमपञ्चक अर्थात् तिहारको तेस्रो दिन आज आइतबार साँझ धनधान्य, ऐश्वर्य र सम्पन्नताकी देवी लक्ष्मीको पूजा आराधना गरी श्रद्धा र भक्तिपूर्वक लक्ष्मीपूजा पर्व मनाइँदैछ।



धार्मिक तथा सांस्कृतिक मान्यताअनुसार सफासुग्घर र लिपपोत नगरिएको घरमा लक्ष्मीले बास गर्दिनन् भन्ने विश्वासका साथ बिहानैदेखि घरआँगन, भ्यालढोका, चोटा-कोठा, सङ्गार, कौसी र अटाली सफा गरी सजाउने गरिन्छ। साँझ घरघरमा दीप प्रज्वलन गरी लक्ष्मीलाई स्वागत गर्ने परम्परा छ।

लक्ष्मीपूजाका लागि घरको आँगनदेखि मूलढोका हुँदै पूजा कोठासम्म गाईको गोबर र रातोमाटोले लिपपोत गरी चामलको पीठो र अबिरले लक्ष्मीका पाइला बनाउने चलन छ। लक्ष्मीलाई घरभित्र आमन्त्रण गर्ने प्रतीकका रूपमा बनाइने ती पाइलासँगै विभिन्न स्थानमा दियो र माटाका पालामा दीप प्रज्वलन गरी घरलाई झिलिमिली बनाइन्छ।

साँझ दीपावली गरेपछि पूजा कोठामा दियो, कलश र गणेशसहित लक्ष्मीको स्थापना गरी गरगहना, नगद, धान, चामल, फलफूल, सेलरोटी तथा फूलमाला चढाएर विधिपूर्वक पूजा गरिन्छ। लक्ष्मीपूजापछि कन्या तथा छोरीचेलीलाई लक्ष्मीको प्रतीक मानेर

बाँकी पृष्ठ ४ ▶▶

जनकपुरधाममा मनाइयो हनुमान जयन्ती

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक २१ गते



हिन्दु धर्मावलम्बीहरु यमपञ्चक पर्व हर्षोल्लासपूर्वक मनाई रहँदा जनकपुरधाममा शनिबार हनुमान जयन्ती मनाइँदै छ। हनुमान जयन्तीको अवसरमा मिथिलाञ्चल सांस्कृतिक कला परिषद्ले जनकपुरधामस्थित युगलजोडी मन्दिर विहार कुञ्जमा हनुमान चालिसा पाठ, भजन कीर्तन लगायतको कार्यक्रमको आयोजना गरेको छ।

यसअघि परिषद्ले हनुमान जयन्तीको अवसरमा जनकपुरधाम स्थित रेल्वे स्टेशनबाट शोभा यात्रा निकाली नगर परिक्रमा समेत गरेको छ। शोभा यात्रामा मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवको पनि सहभागिता रहेको थियो। सभामुख यादवले भगवान हनुमान हिन्दु धर्मावलम्बीहरुको घर घरमा पुजिने देवता रहेको र उनको जन्मोत्सवको अवसरमा निकालिएको शोभा यात्राले सनातन संस्कृति संरक्षणमा बल पुऱ्याउने बताए।

परिषद्का अध्यक्ष शम्भु साहले हिन्दु धर्मावलम्बीहरु पर्व यमपञ्चककावीच हनुमान जयन्ती पर्ने भएकोले ओझेलमा परिरहेको समयमा आफूहरू भगवान हनुमानको जयन्ती भव्यतापूर्वक मनाउन लागेको बताए। उनका अनुसार विगत २० वर्षदेखि परिषद्ले हनुमान जयन्तीको अवसरमा विभिन्न कार्यक्रम गरी मनाउँदै आई रहेको छ।

यता जनकपुरधामस्थित संकटमोचन मन्दिरमा समेत श्रद्धालु भक्तजनहरुको विहानैदेखि घुइचो लागेको छ। भगवान हनुमानको पूजा अर्चना एवं मन्त्र स्तोत्र पाठ गर्नाले शुभ फल मिल्ने, शनिग्रहको दोष नलाग्ने देखी भूतप्रेत पिसाचको दुःख नहुने जनविश्वास रहेको छ। हनुमानको पूजा गरेमा वैवाहिक सुख मिल्ने र पती पत्नी बीचको कलह हट्ने विश्वास रहँदै आएको छ।

चैत्र शुक्ल पूर्णिमालाई पनि हनुमान जयन्तीको रुपमा व्याख्या गरिएपनि कार्तिक महिनाको कृष्ण पक्षको चतुर्दशी तिथीलाई हनुमान जयन्तीकै रुपमा लिइने गरिन्छ।

बाँकी पृष्ठ ३ ▶▶

दुई देश, एउटै गाउँ : जहाँ सीमाले भूमि बाँड्यो, मन होइन



अपन दैनिक संवाददाता
पर्सा, कार्तिक २१ गते

नेपाल-भारत सीमामा पर्ने वीरगन्ज महानगरपालिका-१७ को सिवान टोल एउटा यस्तो गाउँ हो, जहाँ अन्तर्राष्ट्रिय सीमाले भूगोललाई दुई देशमा विभाजन गरेको छ, तर गाउँलेहरूको सम्बन्ध, संस्कृति र सामाजिक जीवनलाई छुट्याउन सकेको छैन। एउटै गाउँको एक भाग नेपालमा र अर्को भाग भारतको बिहार राज्यअन्तर्गत पनटोक्का पञ्चायत, हरैया-१२ मा पर्छ।

वीरगन्जस्थित एकीकृत सुरक्षा जाँच चौकी (आईसीपी) को पश्चिममा रहेको यो गाउँको मुख्य सडक नै

बाँकी पृष्ठ ४ ▶▶





प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

लक्ष्मीपूजा, दिपोत्सव र जीवनमा सुख, समृद्धिको कामना

तिहार अर्थात् दियावती वा दीपावली उज्यालोको पर्व मात्र होइन् । यो मानव जीवनमा सुख, शान्ति, समृद्धि, सद्भाव र सकारात्मकताको सञ्चार गर्ने सांस्कृतिक तथा आध्यात्मिक उत्सव पनि हो । विशेषगरी मिथिला-मधेश क्षेत्रमा दियावतीलाई अत्यन्त श्रद्धा, आस्था र उल्लासका साथ मनाउने परम्परा रहिआएको छ । माटोका दियो र डिबियाको उज्यालोले घरआँगन झिलिमिली बनाउने, धनधान्यकी देवी माता लक्ष्मीको विशेष रुपमा पूजा-आराधना गर्ने र परिवारमा सुख, समृद्धि तथा खुसीको कामना गर्ने यस पर्वको आफ्नै मौलिक महत्व छ । दियावतीको आगमनसँगै गाउँघर र सहरबजारमा छुट्टै रौनक छाउँछ । घरआँगन सफा सुग्घर गर्ने, घरको मूलढोका तथा आँगनमा दियो बाल्ने, आकर्षक रंगोली बनाउने र परम्परागत सन्ठी लगायतको हुक्कालोली खेल्ने जस्ता गतिविधिले पर्वलाई थप जीवन्त बनाउँछन् । माटोका दियोमा बल्ने सानो ज्योतिले पनि अन्धकारलाई चिर्न सक्छ भन्ने सन्देश यस पर्वले दिन्छ । आधुनिक विद्युतीय बत्ती र सजावटको आकर्षण बढ्दै गएपनि माटोको दियो, डिबिया र स्थानीय परम्पराको महत्वलाई जोगाउनु हाम्रो सांस्कृतिक दायित्व हो ।

यस पर्वमा विशेष रूपमा माता लक्ष्मीको पूजा गरिन्छ । धन, ऐश्वर्य र समृद्धिकी प्रतीक देवी लक्ष्मीको आराधना गर्दै प्रत्येक परिवारले घरमा सुख, शान्ति र आर्थिक सम्पन्नताको कामना गर्छन् । तर समृद्धि धनसम्पत्तिको प्राप्तिमा मात्र सीमित हुँदैन् । वास्तविक समृद्धि भनेको परिवारमा प्रेम, समाजमा सद्भाव, जीवनमा सन्तुष्टि, व्यवहारमा इमानदारी र मनमा सकारात्मक सोचको विकास हुनु पनि हो । धनको पूजा गर्दा श्रम, सीप, इमानदारी र परिश्रमको सम्मान गर्न पनि हामीले बिर्सनु हुँदैन् । दियावतीले हामीलाई जीवनका विभिन्न अन्धकारसँग लड्ने प्रेरणा दिन्छ । अज्ञानताको अन्धकारलाई ज्ञानले, निराशालाई आशाले, घृणालाई प्रेमले, विभेदलाई समानताले र अन्यायलाई न्यायले पराजित गर्नुपर्छ भन्ने यसको गहिरो सन्देश छ । मानव जीवनमा दुख, अभाव, निराशा र चुनौतीहरू आइरहन्छन् । तर आशा, आत्मविश्वास, मेहनत र सकारात्मक सोचको दीप प्रज्वलित गर्न सके हरेक कठिनाइलाई पार गर्न सकिन्छ । त्यसैले दियावतीमा बालिने प्रत्येक दियोले घरको अन्धकार हटाउने होइन, मानिसको मन र समाजमा रहेको अन्धकार हटाउने संकल्प पनि जगाउनुपर्छ ।

मिथिला-मधेशको सांस्कृतिक पहिचानसँग जोडिएको यस पर्वले सामाजिक एकता र पारिवारिक सम्बन्धलाई समेत प्रगाढ बनाउँछ । आपसी भेटघाट, शुभकामना आदानप्रदान, पारिवारिक जमघट र सामूहिक उत्सवले समाजमा आत्मीयता र सद्भाव बढाउँछ । जातजाति, वर्ग, समुदाय र आर्थिक अवस्थाका आधारमा हुने विभेदलाई बिर्सेर सबैले एकअर्काको सुखदुःखमा साथ दिने वातावरण निर्माण गर्नु नै पर्वको वास्तविक सार्थकता हो । विशेषगरी आर्थिक रूपमा कमजोर, विपन्न, असहाय तथा एक्लोपनमा रहेका व्यक्तिहरूको जीवनमा पनि खुसीको उज्यालो पुऱ्याउन सके दियावतीको महत्व अझ बढ्नेछ । यद्यपि पर्व मनाउने क्रममा देखासिकी, अनावश्यक खर्च, तडकभडक र प्रतिस्पर्धात्मक प्रदर्शनबाट जोगिनु आवश्यक छ । पर्वको नाममा आर्थिक बोझ थप्नेभन्दा आफ्नो सामर्थ्यअनुसार खुसी साटासाट गर्नु बुद्धिमानी हुन्छ । माटोका दियो र डिबियाको प्रयोगलाई प्रोत्साहन गर्दै स्थानीय कुम्हाल तथा साना उद्यमीको श्रम र सीपको सम्मान गर्नुपर्छ । साथै वातावरण प्रदूषण गर्ने गतिविधिलाई निरुत्साहित गर्दै सुरक्षित, सभ्य र वातावरणमैत्री ढङ्गले पर्व मनाउनु आजको आवश्यकता हो ।

यसैले दियावती वा दीपावलीको मूल सन्देश अन्धकारमाथि उज्यालो, निराशामाथि आशा र नकारात्मकतामाथि सकारात्मकताको विजय हो । माता लक्ष्मीको कृपाले प्रत्येक घरपरिवारमा धनधान्य, सुख, शान्ति र समृद्धि छाओस् । कसैको जीवन अभाव र पीडामा नबितोस्, हरेक अनुहारमा मुस्कान रहोस् र प्रत्येक मनमा आशाको नयाँ किरण जागोस् । समाजमा रहेको गरिबी, अशिक्षा, विभेद, हिंसा र अन्यायको अन्धकार हटाउँदै ज्ञान, समानता, सद्भाव र समृद्धिको उज्यालो फैलाउन सकियोस् । यस दियावतीको अवसरमा हामी सबैले आफ्नो घरमा मात्र होइन, मनमा पनि प्रेम, करुणा, सद्भाव र मानवताको दीप प्रज्वलित गर्ने संकल्प गरौं । हरेक व्यक्तिको जीवन सुखमय बनोस्, परिवारमा खुसी र समाजमा शान्ति छाओस् । दियावतीको उज्यालोले सबैको जीवनमा नयाँ आशा, नयाँ ऊर्जा र समृद्धिको मार्ग प्रशस्त गरोस् । यही नै यस पर्वको वास्तविक सन्देश छ । दिपावलीको सबैमा हार्दिक शुभकामना ।

६ वर्षपछि गोलबजार-लगडी सडकमा .....

विषय बनेको छ । पटक-पटक म्याद थपिँदा पनि काम पूरा नभएको अवस्थामा यसपटक तोकिएको समयभित्र सडक निर्माण सम्पन्न हुनेमा स्थानीय अझै आश्वस्त हुन सकेका छैनन् ।

मधेशमा शिक्षा संकट: सुगम भूगोलमा दुर्गमको भन्दा धेरै दुःख



सामुदायिक विद्यालयको गुणस्तर सुधारको अभियानअन्तर्गत यसपटक मधेश प्रदेशका विभिन्न विद्यालयमा पुगेर अन्तरक्रिया गर्ने अवसर मिल्यो । धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाका विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीसँग मात्र होइन, स्थानीय तहका जनप्रतिनिधि तथा पालिकाको शिक्षा क्षेत्रको जिम्मेवारी सम्हालिरहेका कर्मचारीहरूसँग पनि विभिन्न विषयमा छलफल गरियो ।

सामुदायिक विद्यालयको चित्र बदल्ने अठोटका साथ क्रियाशील प्रिन्सिपल एसोसिएसन नेपाल (पान) को मञ्चबाट हामीले लामो समयदेखि खासगरी प्रधानाध्यापकहरूसँग विभिन्न माध्यममार्फत संवाद गर्दै आएका छौं । देशभरका विद्यालयको भौतिक तथा शैक्षिक अवस्था र व्यवस्थापनका चुनौतीबारे विभिन्न फोरममा छलफल पनि गरिरहेका छौं । तर, छलफल र प्रतिवेदनबाट प्राप्त हुने अनुभूतिभन्दा विद्यालयमै पुगेर प्रत्यक्ष अवस्था नियाल्दा देखिने यथार्थ निकै फरक र गम्भीर हुँदो रहेछ ।

मधेश प्रदेश नेपालको सबैभन्दा धेरै विद्यार्थी भएको प्रदेश हो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिपोर्ट, २०२४ अनुसार यस प्रदेशमा कक्षा १ देखि १२ सम्म १६ लाख २९ हजार ८ जना विद्यार्थी अध्ययनरत छन् । यो देशभरका कुल विद्यार्थीको करिब २३.२ प्रतिशत हो । त्यस्तै, प्रारम्भिक बालविकास तहमा २ लाख ५२ हजार ९२८ बालबालिका अध्ययनरत छन् । विद्यालयभित्र रहेका विद्यार्थीको यो सङ्ख्यासँगै विद्यालयको पहुँचबाहिर रहेका बालबालिकाको अवस्था पनि उत्तिकै चिन्ताजनक छ । राष्ट्रिय जनगणना २०७८ अनुसार मधेशमा कक्षा १ देखि ८ उमेर समूहका अनुमानित ६५ हजार ८३७ बालबालिका विद्यालयबाहिर छन् । यो सातै प्रदेशमध्ये सबैभन्दा ठूलो सङ्ख्या हो ।

देशको कुल जनसङ्ख्याको करिब २१ प्रतिशत अर्थात् ६१ लाख १४ हजार ६०० जनसङ्ख्या रहेको मधेश प्रदेश जनसङ्ख्याका हिसाबले पनि अगाडि नै छ । त्यस्तै पछिल्लो आर्थिक वर्षको तथ्याङ्कअनुसार मधेश प्रदेशबाट एक लाखभन्दा बढी नागरिकले नयाँ श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । सातै प्रदेशमध्ये यो सबैभन्दा धेरै हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पछिल्लो प्रतिवेदनअनुसार मधेश प्रदेशका ३७.९ प्रतिशत परिवारले विदेशबाट रेमिट्यान्स प्राप्त गर्छन् । यति ठूलो जनसङ्ख्या र विद्यार्थीको हिस्सा ओगटेको मधेशको शैक्षिक अवस्था भने अत्यन्त कमजोर छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार मधेश प्रदेशको साक्षरता दर ६३.५ प्रतिशत मात्र छ । यो नेपालको राष्ट्रिय औसत ७६.२ प्रतिशतभन्दा १२.७ प्रतिशत बिन्दुले कम हो । अझ चिन्ताजनक पक्ष त महिलाको साक्षरता दर ५४.७ प्रतिशत मात्र हुनु हो । प्रदेशमा पुरुष र महिलाको साक्षरता दरबीच १७.८ प्रतिशत बिन्दुको अन्तर छ । यसले मधेशमा शिक्षा र लैङ्गिक समानताको क्षेत्रमा अझै ठूलो काम गर्न बाँकी रहेको स्पष्ट पार्छ ।

तराई-मधेशको उर्वर भूमि देशको राजनीति, आन्दोलन, अर्थतन्त्र र उत्पादनको महत्वपूर्ण आधार हो । देशको ठूलो जनसङ्ख्या र आर्थिक सम्भावना बोकेको यही भूगोलमा पुगेर शैक्षिक यथार्थ नजिकबाट नियाल्दा मन निकै भारी भयो । देशका अन्य कतिपय क्षेत्र पूर्ण साक्षर घोषित भई डिजिटल युग र एआईको बहसमा केन्द्रित भइरहँदा भौगोलिक रूपमा सुगम मानिने मधेशका आठवटै जिल्ला अझै साक्षरताको आधारभूत लक्ष्य हासिल गर्न संघर्षरत छन् । यो हजारौं बालबालिका र नागरिकको जीवनमा शिक्षा तथा चेतनाको उज्यालो पुग्न नसकेको गम्भीर सामाजिक समस्या हो ।

साक्षरता अभियान प्रभावकारी हुन नसक्नु र सार्वजनिक शिक्षाको गुणस्तर अपेक्षित रूपमा विकास नहुनुले मधेशको सामाजिक तथा आर्थिक विकासमा प्रत्यक्ष असर पारेको छ । सामान्य लेखपढको अवसरसमेत नपाएका नागरिक वैदेशिक रोजगारीमा निर्भर हुनुपर्ने अवस्था छ । उनीहरूले विदेशमा बगाएको पसिनाले देशको अर्थतन्त्रमा योगदान पुऱ्याएको छ र परिवारको दैनिक जीवनयापनमा पनि सहयोग गरेको छ । तर, त्यसको अर्को पाटो पनि छ । उनीहरूको श्रम र सीपले विदेशका अर्थतन्त्र समृद्ध भइरहँदा आफ्नै गाउँघरका बालबालिका र परिवार भने शिक्षा, चेतना र अवसरको अभावसँग जुधिरहेका छन् ।

शिक्षाको अभावले मधेशमा दाइजो प्रथा, बालविवाह, बोक्सीको आरोप र विभिन्न अन्धविश्वास तथा सामाजिक कुरीतिलाई समेत निरन्तरता दिन मद्दत गरेको छ । विद्यालय पुगेका बालबालिकाको सिकाइ उपलब्धि पनि सन्तोषजनक देखिँदैन । कक्षाको तह माथि उक्लिए पनि आधारभूत ज्ञान र सीपमा अपेक्षित सुधार हुन सकेको छैन । अनिवार्य विषयमै विद्यार्थीको कमजोर नतिजाले विद्यालय शिक्षाको गुणस्तरमाथि गम्भीर प्रश्न खडा गरेको छ ।

मधेशको अर्को चुनौती गरिबी र शैक्षिक पहुँचबीचको सम्बन्ध हो । जनसङ्ख्या तीव्र गतिमा बढिरहेको भए पनि ठूलो सङ्ख्यामा परिवार आर्थिक अभावमा जीवनयापन गरिरहेका छन् । आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका अझै विद्यालयको पहुँचमा आउन सकेका छैनन् । विद्यालयबाहिर रहेका धेरैजसो बालबालिका घरायसी कामकाज, कृषि श्रम तथा अन्य श्रममूलक गतिविधिमा संलग्न छन् । बालश्रम यहाँको अर्को ठूलो समस्या हो । यहाँका बालबालिका रोजगारी र श्रमका लागि राजधानी काठमाडौंसहित देशका विभिन्न सहरमा काम गर्न पुगेको देखिन्छ । यसले मधेशमा विद्यालय भर्ना मात्र होइन, बालबालिकालाई विद्यालयमा टिकाइराख्ने चुनौती पनि उत्तिकै गम्भीर रहेको देखाउँछ ।

सामान्यतः तराई-मधेशलाई भौगोलिक रूपमा सुगम क्षेत्र मानिन्छ भने कर्णाली र हिमाली क्षेत्रलाई दुर्गम । भौगोलिक कठिनाइका कारण कर्णालीका विद्यालयले अनेकौं समस्या भोगिरहेका छन् भन्ने कुरा हामीले लामो समयदेखि सुन्दै र देख्दै आएका छौं । तर, यसपटक मधेशका विभिन्न बस्ती र विद्यालयमा पुग्दा भौगोलिक सुगमतालेमात्रै विकास र सेवा प्रवाहको सुनिश्चितता गर्दो रहेनछ भन्ने अनुभूति भयो । कतिपय बस्ती र विद्यालयको अवस्था विकट पहाडी तथा हिमाली क्षेत्रका विद्यालयभन्दा कम चुनौतीपूर्ण छैन ।

कतै जीर्ण टिनको छानोमुनि त कतै खुला आकाशमुनि चिसो भुइँमा बसेर बालबालिका अक्षर चिन्ने प्रयास गरिरहेका छन् । कतिपय विद्यालयमा भवन त बनेका छन्, तर कक्षाकोठाभित्र बस्ने बेन्च, पढाउने बोर्ड र आवश्यक शैक्षिक सामग्रीसमेत छैनन् । कतिपय विद्यालयमा एउटै कोठामा सयभन्दा बढी विद्यार्थी राखेर पढाउनुपर्ने अवस्था छ । विद्यार्थी र शिक्षकको अनुपात कतिपय ठाउँमा एक सय बराबर एक शिक्षकसम्म पुगेको छ । एउटै शिक्षकले विभिन्न कक्षाका विद्यार्थीलाई पढाउनुपर्ने बाध्यता पनि छ । यस्तो अवस्थामा गुणस्तरीय सिकाइको अपेक्षा गर्नु आफैंमा चुनौतीपूर्ण छ ।

भौतिक पूर्वाधार र शिक्षकको अभावसँगै शिक्षकको सेवा सुविधा र पेसागत विकासको अवस्था पनि कमजोर छ । भौगोलिक रूपमा सुगम मानिने तराईका कतिपय विद्यालयमा अध्यापनरत शिक्षकले आठ-नौ महिनासम्म तलब नपाएको यथार्थ सुन्दा धेरैलाई आश्चर्य लाग्न सक्छ । तर, विद्यालय भ्रमणका क्रममा शिक्षकहरूले भोगिरहेको यस्तो समस्या पनि सुनियो । पर्याप्त तथा नियमित शिक्षक तालिमको अभाव छ । शिक्षकको पेसागत क्षमता विकास र शिक्षण विधिमा समयानुकूल सुधार हुन सकेको छैन । विद्यालयमा आवश्यक पाठ्यसामग्री, पुस्तकालय, प्रयोगशाला र कम्प्युटर ल्याबको अभाव छ । धेरै विद्यालयमा स्वच्छ खानेपानीको समेत पर्याप्त व्यवस्था छैन ।

विद्यार्थीको चाप उच्च भए पनि शिक्षक दरबन्दीको अभाव अर्को गम्भीर समस्या हो । काठमाडौं उपत्यकाका कतिपय विद्यालयमा दरबन्दीको पर्याप्तता र वितरणसम्बन्धी समस्या देखिन्छ भने दुर्गम पहाड र मधेशका विद्यालयमा शिक्षक अभावले पठनपाठन नै प्रभावित भइरहेको छ । यसले शिक्षक दरबन्दीको वितरणमा भूगोल, विद्यार्थी सङ्ख्या र वास्तविक आवश्यकतालाई आधार बनाउन नसकिएको देखाउँछ ।

विद्यालयमा भर्ना हुन नपाएका बालबालिकाको सङ्ख्या ठूलो छ । भर्ना भएका सबै विद्यार्थीले पनि आफ्नो अध्ययन पूरा गरेको पाइँदैन । कतिपयले बीचमै विद्यालय छाड्छन् भने कतिपय माध्यमिक तह पूरा नगरी श्रम बजारमा प्रवेश गर्न बाध्य भएको पाइन्छ । माध्यमिक तह पार गरेपछि पनि उच्च शिक्षासम्म पुग्ने

बाँकी पृष्ठ ३ ▶▶

आजको राशिफल

मेष : दिन राम्रो छ । शिक्षामा सुधारका संकेत देखिने छन् । शत्रु बढ्ने भएकाले सचेत हुनुपर्ने दिन छ ।

बृष : दिन सामान्य छ । सञ्चित धन खर्च हुनेछ । स्वास्थ्यमा ख्याल नगर्ने बानीले समस्या हुनेछ ।

मिथुन : शुभ दिन परेको छ । शिक्षामा थप मिहिनेत गर्नुपर्नेछ । परिवारको साथ र सहयोग प्राप्त हुने योग छ ।

कर्कट : दिन राम्रो छ । प्रेम सम्बन्ध बलियो हुनेछ । पारिवारिक मेलमिलाप हुने भएकाले मनमा खुसी मिल्ने छ ।

सिंह : दिन राम्रो छ । शिक्षामा थप मिहिनेत गर्नुपर्ने आवश्यकता छ । राजनीतिमा विपक्षीको घेराबन्दी हुनेछ ।

कन्या : दिन राम्रो छ । आम्दानी बढ्दा मनमा उत्साह थपिने छ । आफन्तको साथ मिल्ने योग छ ।

तुला : राजनीतिक क्षेत्रमा गरेको प्रयास सफल बन्नेछ । शिक्षाको क्षेत्रमा प्रगति हुनेछ । खर्च बढ्ने योग परेको छ ।

वृश्चिक : व्यापारमा फाइदा हुने दिन छ । परिवारमा मेलमिलाप बढ्ने छ । श्रमको मूल्य प्राप्त हुनेछ ।

धनु : दिन राम्रो छ । गुरुको साथ र सहयोगका लगि थप नम्रताको खाँचो छ । परिवारको साथमा सुखद् यात्रा हुनेछ।

मकर : दिन राम्रो छ । धार्मिक कार्यमा सहभागी हुने अवसर मिल्ने छ । विपक्षी साथीसँग सहकार्य हुनेछ ।

कुम्भ : दाम्पत्य जीवनमा सफलता मिल्ने छ । प्रेम सम्बन्ध सुमधुर बन्ला । शिक्षामा गरेको लगानीबाट फाइदा हुनेछ ।

मीन : सानो कुराले मनमा खुसी मिल्ने छ । शिक्षा र रोजगारीका क्षेत्रमा तपाईंका ग्रह बलवान छन् ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

उद्योगबाट निस्कने दूषित पानीले घुर्मी खोला दुर्गन्धित, दुई नगरपालिकाका नागरिक प्रभावित

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २१ गते



सिरहाको गोलबजार र मिर्चैया नगरपालिकाको सिमानामा रहेको शारदा डिस्टिलरी प्रालिले उद्योगबाट निस्कने प्रदूषित पानी घुर्मी खोलामा बगाउँदा स्थानीयवासी समस्यामा परेका छन् ।

डिस्टिलरीको फोहोर पानी खोलामा मिसिँदा मिर्चैया र कल्याणपुर नगरपालिकाका करिब १५ वटा गाउँका ८ देखि १० हजार नागरिक प्रभावित भएको स्थानीयको गुनासो छ ।

स्थानीयका अनुसार डिस्टिलरीको प्रदूषित पानीले पिपरा, रतनपुर, मथिलेश्वर, सोनी, गधावा, सिमरटोकी, रुदलपुर, पिलुवाहा, डोकहा, कल्याणपुर, कोरुनियाही, पर्साही, चतरी, सञ्चिरैयालगायत गाउँका बासिन्दालाई प्रत्यक्ष असर पुऱ्याएको छ ।

केही वर्षअघिसम्म घुर्मी खोलाको पानी स्थानीयका लागि दैनिक जीवनको महत्त्वपूर्ण स्रोत थियो ।

स्थानीयले यही खोलाको पानी खेतीपाती, नुहाउन, लुगा तथा भाँडा धुन, पशुचौपायालाई खुवाउन र भोजभतेरमा समेत प्रयोग गर्दै आएका थिए ।

तर, पछिल्लो ५-६ वर्षदेखि डिस्टिलरीको प्रदूषित पानी खोलामा मिसिन थालेपछि पानी प्रयोग गर्ने नसकिने अवस्था आएको उनीहरूको भनाइ छ । मिर्चैया नगरपालिका-११ का ५५ वर्षीय रामऔतार यादवले आफूले बाल्यकालदेखि प्रयोग गर्दै आएको खोलाको पानी अहिले दुर्गन्धित बनेको बताए ।

उनका अनुसार गाउँमा खानेपानी र बोरिङको सुविधा विस्तार भएपछि खोलामा निर्भरता केही कम भए पनि खेतीपाती, पशुचौपाया र सरसफाइका लागि खोला प्रयोग हुँदै आएको थियो । अहिले प्रदूषणका कारण ती सबै काम बन्द गर्नुपरेको उनको गुनासो छ ।

त्यस्तै, स्थानीय रामकुमारी माझीले पहिले खोलाको पानी निकै सफा रहेको तर पछिल्लो ५-६ वर्षदेखि डिस्टिलरीको पानी मिसिन थालेपछि समस्या बढेको बताइन् । चाडपर्व नजिकिँदै गर्दा खोलाको पानी प्रयोग गर्न नसकिएकोमा उनले चिन्ता व्यक्त गरिन् ।

'पहिले पशुचौपायालाई नुहाउनेदेखि पानी खुवाउनेसम्म यही खोलाको पानी प्रयोग गर्थ्यौं। चाडपर्वमा पनि खोलाकै पानीबाट विभिन्न काम हुन्थे । अहिले यस्तो फोहोर पानी भएपछि कसरी प्रयोग गर्ने भन्ने चिन्ता छ,' उनको गुनासो छ ।

स्थानीय प्रमोदकुमार यादवका अनुसार डिस्टिलरीबाट निस्कने पानी खोलामा बग्दा घुर्मी बजारदेखि कल्याणपुर र मिर्चैया नगरपालिकाका विभिन्न गाउँका नागरिक प्रभावित भएका छन् ।

खोलामा प्रदूषित पानी बगेपछि दुर्गन्ध फैलिने र हावा चल्दा आसपासका बासिन्दालाई सास फेर्नसमेत कठिन हुने गरेको उनले दाबी गरे ।

उक्त पानी पशुचौपायाले पिउँदा, मानिसले नुहाउँदा तथा खेतीपातीमा प्रयोग गर्दा स्वास्थ्य र वातावरणमा असर परिरहेकोप्रति उनने चिन्ता व्यक्त गरे ।

स्थानीय बिन्देश्वर यादवले समस्या समाधानका लागि पटक-पटक वडा अध्यक्ष, नगर प्रमुख तथा सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि सुनुवाइ नभएको गुनासो गरे । अब स्थानीयवासीले लिखित निवेदनमार्फत नगरपालिकादेखि जिल्ला प्रशासन हुँदै सम्बन्धित मन्त्रालयसम्म समस्या पुऱ्याउने तयारी गरेको उनले बताए ।

यता, शारदा डिस्टिलरी प्रालिका म्यानेजर लोकबहादुर बस्नेतले उद्योगबाट निस्कने पानीको व्यवस्थापन गरिएको दाबी गरेका छन् । उद्योगको उद्देश्य चाडपर्व वा गाउँबस्तीमा प्रदूषण फैलाउने नरहेको बताउँदै उनले कहिलेकाहीं संयोगवश लिकेज भएर पानी खोलामा बगेको हुन सक्ने स्वीकार गरे ।

त्यस्तो अवस्था देखिएमा तत्काल

बाँकी पृष्ठ ४ ▶▶



माइतीघरमा स्वतन्त्र प्रेसको पक्षमा स्वतन्त्र युवा अभियानको प्रदर्शन

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक २१ गते



मिडियामाथि नियन्त्रणको प्रयास र पत्रकारितामाथि दबाब सिर्जना गरिएको भन्दै काठमाडौंको माइतीघर मण्डलामा विरोध प्रदर्शन गरिएको छ ।

युवाहरूको समूहले कालो पोशाक लगाएर ब्यानरसहित माइतीघर मण्डलामा प्रदर्शन गरेको हो । प्रदर्शनकारीहरूले प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक अधिकारको संरक्षण गर्न माग गरेका छन् ।

प्रदर्शनमा सहभागी पुष्कर बास्तोलाले सरकारले पत्रकारितामाथि प्रहार गर्दै नागरिकको बोल्न पाउने स्वतन्त्रता खोस्ने प्रयास गरेको आरोप

बाँकी पृष्ठ ४ ▶▶

जनकपुरधाममा मनाइयो हनुमान .....

शास्त्रमा मतैक्य नहुनाले चैत्र शुक्ल पूर्णिमाका दिन हनुमानजीको जन्म दिवस मनाउने त गरिन्छ, यद्यपि वायु पुराणादिका अनुसार कार्तिक महिनाको शुक्ल चतुर्दशीका दिन हनुमान जयन्ती अधिक प्रचिलित छ, तर पहिलो जन्म दिवस हो भने दोस्रो विजय अभिनन्दन महोत्सव हो ।

मधेशमा शिक्षा संकट: सुगम भूगोलमा दुर्गमको भन्दा धेरै .....

अवसरबाट वञ्चित हुनेको सङ्ख्या उल्लेख्य छ । विशेषगरी आर्थिक अभाव, सामाजिक विभेद, बालविवाह र पारिवारिक जिम्मेवारीका कारण धेरै छात्राले माध्यमिक तह पूरा नगर्दै पढाइ छाड्नुपर्ने अवस्था छ । यसले मधेशको शिक्षा सुधारमा पहुँच, निरन्तरता र सिकाइ उपलब्धि तीनवटै पक्षलाई एकसाथ सम्बोधन गर्नुपर्ने आवश्यकता देखाउँछ ।

विद्यालय व्यवस्थापन, अनुगमन र जवाफदेहिताको अवस्था पनि कमजोर देखिन्छ । नियमित र प्रभावकारी अनुगमन नहुँदा विद्यालयभित्र भइरहेका शैक्षिक गतिविधिको वास्तविक अवस्था पहिचान गर्न तथा आवश्यक सुधारका कदम चाल्न कठिन भएको छ । स्थानीय तह, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीच प्रभावकारी समन्वय तथा जिम्मेवारीको स्पष्ट बाँडफाँट हुन नसक्दा व्यवस्थापनमा समस्या देखिएको छ । विद्यालयमा लगानी भएको स्रोतको सदुपयोग, शिक्षकको नियमित उपस्थिति, पठनपाठनको गुणस्तर र विद्यार्थीको सिकाइ उपलब्धिबारे नियमित मूल्याङ्कन गर्ने प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक छ ।

मधेशको शिक्षा प्रणालीले प्राकृतिक विपद्को चुनौती पनि निरन्तर सामना गरिरहेको छ । वर्षायाममा बाढी र डुबानका कारण विद्यालय बन्द हुने समस्या छ । हिउँदमा शीतलहर र अत्यधिक चिसोका कारण पठनपाठन प्रभावित हुन्छ भने गर्मी याममा तातो हावा अर्थात् लूका कारण विद्यालय बन्द गर्नुपर्ने अवस्था आउँछ । यसले विद्यार्थीको नियमित सिकाइमा अवरोध पुऱ्याउनुका साथै शैक्षिक सत्रको प्रभावकारितामा समेत असर पारिरहेको छ । प्राकृतिक प्रकोपका कारण विद्यालय सञ्चालनमा आउने अवरोधलाई न्यूनीकरण गर्न विद्यालयलाई विपद् उत्थानशील बनाउनु पनि मधेशको शिक्षा सुधारको महत्त्वपूर्ण पक्ष हो ।

मधेशको शिक्षा संकट कुनै एउटा विद्यालय, पालिका वा समुदायको मात्र समस्या होइन । यो प्रदेशको सामाजिक, आर्थिक र मानवीय विकाससँग जोडिएको राष्ट्रिय सरोकारको विषय हो । त्यसैले यसको समाधानका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहले आ-आफ्नो जिम्मेवारी पूरा गर्दै साझा प्रतिबद्धताका साथ विशेष अभियान सञ्चालन गर्नुपर्छ । मधेशको शैक्षिक अवस्था सुधार गर्न अब सामान्य बजेट, परम्परागत कार्यक्रम र औपचारिक घोषणाले मात्र पुग्दैन । यसका लागि स्पष्ट लक्ष्य, पर्याप्त स्रोत, समयसीमा र नतिजामा आधारित उत्तरदायित्वसहितको विशेष कार्ययोजना आवश्यक छ ।

सबैभन्दा पहिले सङ्घीय सरकार, मधेश प्रदेश सरकार र प्रदेशका १३६ वटै स्थानीय तहको सहकार्यमा आगामी दुई वर्षभित्र मधेशका सबै जिल्लालाई पूर्ण साक्षर बनाउने लक्ष्यसहित 'मधेश विशेष शैक्षिक आपत्कालीन कार्ययोजना' लागू गरिनुपर्छ । यस अभियानलाई केवल साक्षरता घोषणामा सीमित नगरी विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान, विद्यालय भर्ना, नियमित उपस्थिति, आधारभूत सिकाइ सीप र वयस्क साक्षरतालाई समेत समेट्ने गरी कार्यान्वयन गर्नुपर्छ ।

दोस्रो, शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन र त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनुपर्छ । मधेशका स्थानीय तहले आफ्नो कुल बजेटको कम्तीमा ३५ प्रतिशत हिस्सा शिक्षा, शिक्षक तालिम, विद्यालयको भौतिक सुधार र प्राविधिक छात्रवृत्तिमा खर्च गर्ने नीतिगत व्यवस्था गर्नुपर्छ । यसका लागि आवश्यक कानुनी तथा वित्तीय आधार तयार गरी बजेटको सदुपयोग र उपलब्धिको नियमित सार्वजनिक समीक्षा गर्ने प्रणाली विकास गर्नुपर्छ ।

तेस्रो, सामुदायिक विद्यालय र क्याम्पसलाई दलीय राजनीतिको प्रभाव तथा अनावश्यक हस्तक्षेपबाट मुक्त राख्नुपर्छ । शिक्षक नियुक्ति, सरुवा र बढुवामा हुने राजनीतिक भागबण्डा तथा हस्तक्षेप अन्त्य गरी शिक्षक सेवा आयोगको योग्यता प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्छ । शिक्षकको नियमित तलब, सेवा सुविधा, पर्याप्त दरबन्दी र निरन्तर पेसागत विकासको सुनिश्चितता गरिनुपर्छ ।

चौथो, दलित, मुस्लिम तथा अन्य सीमान्तकृत समुदायका बालबालिकालाई विद्यालयमा भर्ना गराउने र अध्ययन पूरा गराउने विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । आर्थिक रूपमा विपन्न परिवारका बालबालिकालाई लक्षित मासिक छात्रवृत्ति, दिवा खाजा र अन्य प्रोत्साहनमूलक कार्यक्रम प्रभावकारी बनाउनुपर्छ । छात्राहरूका लागि प्रत्येक माध्यमिक विद्यालयमा छात्रामैत्री शौचालय, निःशुल्क गुणस्तरीय सेनेटरी प्याड र स्वच्छ खानेपानीको स्थायी व्यवस्था गरिनुपर्छ । बालविवाह र बालश्रमविरुद्ध विद्यालय, परिवार र समुदायलाई जोडेर अभियान सञ्चालन गर्नुपर्छ ।

पाँचौं, मधेशको स्थानीय आवश्यकता र सम्भावनासँग जोडिएको प्राविधिक तथा व्यावसायिक शिक्षामा विशेष जोड दिनुपर्छ । कृषि, पशुपालन, स्थानीय उद्योग, उद्यमशीलता र आधुनिक प्रविधिसँग सम्बन्धित सीप विकासका कार्यक्रम विद्यालय तहदेखि नै सञ्चालन गर्नुपर्छ । शिक्षालाई केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम नभई रोजगारी सिर्जना, उत्पादन वृद्धि र आत्मनिर्भर जीवन निर्माण गर्ने आधारका रूपमा विकास गर्नुपर्छ ।

छैटौं, विद्यालय व्यवस्थापन र अनुगमनलाई नतिजामुखी बनाउनुपर्छ । प्रत्येक विद्यालयको भौतिक अवस्था, शिक्षक दरबन्दी, विद्यार्थी उपस्थिति, सिकाइ उपलब्धि र आर्थिक व्यवस्थापनको नियमित मूल्याङ्कन गरिनुपर्छ । स्थानीय तहको शिक्षा शाखालाई सक्षम र जवाफदेही बनाउँदै विद्यालय व्यवस्थापन समिति, अभिभावक र समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्छ । विद्यालयको प्रगति र कमजोरी सार्वजनिक गर्ने पारदर्शी प्रणाली विकास गर्न सके सुधारका प्रयासलाई थप प्रभावकारी बनाउन सकिन्छ ।

सातौं, मधेशका विद्यालयलाई बाढी, डुबान, शीतलहर र गर्मीको प्रभावबाट सुरक्षित बनाउन जलवायु तथा विपद् उत्थानशील पूर्वाधार निर्माण गर्नुपर्छ । सुरक्षित भवन, पर्याप्त कक्षाकोठा, खानेपानी, शौचालय र वैकल्पिक सिकाइ व्यवस्थासहित विद्यालयलाई सबै मौसममा सञ्चालन गर्न सकिने अवस्थामा पुऱ्याउनुपर्छ ।

मधेश प्रदेशको समग्र विकासका लागि गुणस्तरीय शिक्षा, स्थानीय स्तरमै रोजगारी सिर्जना, प्राविधिक तथा व्यावसायिक सीप विकास, युवा उद्यमशीलता र रेमिट्यान्सको उत्पादनमूलक उपयोगलाई एकीकृत रूपमा अघि बढाउन आवश्यक छ । वैदेशिक रोजगारीलाई नागरिकको बाध्यात्मक विकल्प बनाइराख्ने होइन, स्वदेशमै सम्मानजनक रोजगारी र अवसर सिर्जना गर्ने विकास नीतितर्फ राज्यको ध्यान केन्द्रित हुनुपर्छ ।

मधेशको शैक्षिक अवस्था सुधार गर्नु भनेको सामाजिक चेतना, आर्थिक आत्मनिर्भरता, लैङ्गिक समानता र समग्र मानवीय विकासको आधार निर्माण गर्नु पनि हो । देशको यति ठूलो जनसङ्ख्या र विद्यार्थीको हिस्सा ओगटेको प्रदेशलाई शैक्षिक रूपमा पछाडि छाडेर नेपालको समग्र विकास सम्भव छैन ।

त्यसैले मधेशको शिक्षा सुधारलाई अब राष्ट्रिय प्राथमिकताको विषयका रूपमा लिनुपर्छ । मधेशका सामुदायिक विद्यालयमा देखिएका समस्या समाधान गर्न राज्यका तीनै तह, विद्यालय, शिक्षक, अभिभावक र समुदाय एकजुट हुन आवश्यक छ । आज मधेशका विद्यालयमा गुणस्तरीय शिक्षाको जग बसाल्न सकियो भने मात्र भोलिको समृद्ध, सचेत र आत्मनिर्भर मधेश निर्माण गर्न सकिन्छ ।

(लेखक प्रधानाध्यापक संघ, नेपालका केन्द्रीय अध्यक्ष हुन्)

माइतीघरमा स्वतन्त्र प्रेसको पक्षमा स्वतन्त्र युवा .....

लगाए।

उनले सरकारको कार्यशैली निरंकुशतातर्फ उन्मुख भएको भन्दै त्यसविरुद्ध निरन्तर खबरदारी गरिरहेको बताए।

उनले लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि धेरै पुस्ताले गरेको संघर्ष, त्याग र बलिदानीबाट प्राप्त अधिकारको संरक्षण गर्न सबैले आवाज उठाउनुपर्ने बताए।

प्रदर्शनकारीहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि कुनै पनि प्रकारको नियन्त्रण स्वीकार्य नहुने भन्दै सरकारलाई सचेत गराएका छन्।



घरघरमा दीपावली गरी लक्ष्मीको स्वागत, साँझदेखि .....

पूजा गर्ने र दक्षिणा दिने परम्परासमेत रहिआएको छ।

कार्तिक कृष्ण औंसीको रातलाई सुखरात्रि पनि भनिन्छ। यस दिन लक्ष्मीको पूजा गरे घरमा सुख, शान्ति, समृद्धि र धनधान्य वृद्धि हुने धार्मिक विश्वास छ। लक्ष्मीपूजाको दिन घरबाट धनसम्पत्ति तथा अन्य सामग्री बाहिर पठाउन नहुने मान्यता पनि प्रचलित छ।

धर्मशास्त्रीय मान्यताअनुसार लक्ष्मीपूजा सन्ध्याकालमा गरिन्छ। मध्यरातमा घरका महिलाले नाइलो ठटाउँदै लक्ष्मीलाई स्वागत गर्ने परम्परासमेत छ। यसरी नाइलो ठटाउँदा दरिद्रता हटेर घरमा धनधान्य र समृद्धिको आगमन हुने धार्मिक विश्वास रहेको छ।

लक्ष्मीपूजाको अवसरमा साँझ युवती तथा महिलाका समूह घरघरमा पुगेर भैलो खेल्ने गर्छन्। पौराणिक मान्यताअनुसार यमपञ्चकका पाँच दिन तीनै लोकको शासन गर्ने वरदान पाएका राजा बलिले आफ्नो राज्यमा सबैको भलो होस् भन्ने कामनासहित घरघरमा गीत गाउन लगाएको सम्झनामा भैलो खेल्ने परम्परा सुरु भएको विश्वास गरिन्छ।

भैलो खेल्न आउने समूहलाई घरधनीले धान, चामल, फूलमाला, पैसा तथा सेलरोटी दिएर सम्मान गर्ने चलन छ। कार्तिक महिनामा गरिने दानलाई पुण्यदायी मानिने धार्मिक विश्वासका कारण भैलो खेल्ने समूहलाई दान दिने परम्परा कायम रहेको छ।

लक्ष्मीपूजाका अवसरमा बजार तथा बस्तीहरूमा दीपावली गरी झिलिमिली बनाइन्छ। घर, पसल तथा व्यावसायिक प्रतिष्ठानमा समेत लक्ष्मीको पूजा आराधना गरिन्छ। यसले तिहारको धार्मिक र सांस्कृतिक उल्लासलाई थप उत्साहपूर्ण बनाउने गरेको छ।

कुलपरम्पराअनुसार कतिपय समुदायमा लक्ष्मीपूजाकै दिन बिहान गाईको पूजा गर्ने चलन पनि छ। तर शास्त्रीय मान्यताअनुसार कार्तिक कृष्ण औंसीपछि कार्तिक शुक्ल प्रतिपदा लागेपछि गाईपूजा गर्नुपर्ने धर्मशास्त्रविद्हरूको भनाइ छ।

दुई देश, एउटै गाउँ : जहाँ सीमाले भूमि बाँड्यो .....

नेपाल-भारत सीमा छुट्याउने 'दशगज्जा' हो। यही दशगज्जाले दुई देशको सीमा निर्धारण गरे पनि गाउँलेहरूको दैनिकी, भाषा, संस्कार, खानपान र चाडपर्व भने साझा छन्। गाउँको मुख्य बाटोमै सीमास्तम्भ देखिन्छ। अझ कतिपय गाउँलेको आँगनमै पनि सीमास्तम्भ देख्दा आश्चर्य लाग्छ।

दुवै देशतर्फ गरी करिब ५ सय घरधुरी रहेको सिवान गाउँका अधिकांश बासिन्दाको मुख्य पेसा खेतीपाती हो। पुस्तौंदेखि यहाँका बासिन्दाले आपसी भाइचारा कायम राख्दै आएका छन्। अर्मपर्म, ऐंचोपैंचोदेखि विवाह सम्बन्धसम्म दुवै देशका परिवारबीच सहज रूपमा चल्ने गरेको स्थानीयहरू बताउँछन्। गाउँमै नेपाल र भारतका परिवारबीच 'बेटी-रोटी' सम्बन्धका थुप्रै उदाहरण छन्।

नेपालतर्फका ७० वर्षीय कमल पटेलले आफूले होस सम्हालेदेखि गाउँमा नेपाल र भारतका नागरिकबीच कुनै विवाद वा वैमनस्यता भएको सम्झना नरहेको बताए। 'आजसम्म हामीबीच कुनै पनि बहानामा झैझगडा भएको छैन,' उनले भने, 'गाउँमा समस्या परे सबै मिलेर समाधान गर्छौं।'

भारततर्फका ६५ वर्षीय परमेश्वर पटेलका अनुसार सीमाले बाटो छुट्याए पनि मन छुट्याउन सकेको छैन। 'हाम्रो विचार, व्यवहार, धर्मकर्म र मन सबै एउटै छ,' उनले भने, 'दशगज्जाले गाउँको बाटो छुट्याएको हो, सम्बन्ध होइन।' उनका अनुसार भारततर्फ अनियमित विद्युत् आपूर्तिका कारण अन्धकारको समस्या रहे पनि नेपालतर्फ भने चौबीसै घण्टा विद्युत् उपलब्ध छ। यो समस्या भारतीय सरकारी संरचनासँग सम्बन्धित भएकाले स्थानीयहरू आफैं समाधान गर्न नसक्ने अवस्थामा छन्।

स्थानीय युवा सन्दीप पटेलका अनुसार गाउँका युवाहरूको मित्रता पनि सीमापार फैलिएको छ। नेपाली युवा नेपालमै रोजगारीमा संलग्न छन् भने कतिपय भारतीय युवा वीरगन्जका उद्योग, कलकारखाना र व्यापारिक प्रतिष्ठानमा काम गर्छन्।

तर गाउँलेहरूको साझा समस्या भने दशगज्जा नै बनेको छ। गाउँको मुख्य सडक सीमारेखामै परेकाले त्यसलाई पक्की बनाउन वा नाला निर्माण गर्न दुवै देशका सुरक्षा निकायले अनुमति नदिने गरेको स्थानीयको गुनासो छ। त्यसका कारण वर्षायाममा आवतजावत निकै कठिन हुने गरेको उनीहरू बताउँछन्।

'यो गाउँ सीमा कोरिनुभन्दा पहिलेदेखिको हो। दशगज्जामा बस्दा हामीलाई समस्या छैन,' पटेल भन्छन्, 'तर यही कारण हाम्रो मुख्य सडक कहिल्यै कालोपत्रे हुन सकेन। यो दुवै देशका गाउँलेको साझा पीडा हो।'

सीमाले भूगोललाई दुई भागमा बाँडे पनि सिवान टोलले भने सामाजिक सद्भाव, पारिवारिक सम्बन्ध र सहअस्तित्वको एउटा दुर्लभ उदाहरण प्रस्तुत गरिरहेको छ। दुई देशका नागरिक एउटै गाउँमा मिलेर बस्न सकिन्छ भन्ने सन्देश सिवानले वर्षौंदेखि दिँदै आएको छ।

विद्यालयमै नाबालिकामाथि जबर्जस्ती करणीको आरोपमा शिक्षक पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक २१ गते



सिरहाको धनगढीमाई नगरपालिका जिरोमाइलस्थि संस्थागत विद्यालयमा करिब साढे तीन वर्षीया नाबालिकालाई जबर्जस्ती करणी गरेको आरोपमा विद्यालयमा कार्यरत शिक्षक पक्राउ परेका छन्।

स्थानीय विश्वशान्ति एकेडेमीमा दैनिक प्रशासनको जिम्मेवारीसहित अध्यापन गराउँदै आएका शिक्षक करिब २५ वर्षीय सौगात लुइँटेललाई गत मंगलबार जबर्जस्ती करणीसम्बन्धी कसुरमा पक्राउ गरी सिरहा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। सिरहा प्रहरीका अनुसार पीडित नाबालिकाको धरानस्थित विपी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य परीक्षण गरी सम्बन्धित परिवारको जिम्मा लगाइएको छ।

शिक्षक पक्राउपछि केही राजनीतिक दलका नेतामार्फत विद्यालय सञ्चालकले आरोपी शिक्षकविरुद्ध दिइएको जाहेरी फिर्ता लिन विभिन्न खालका प्रलोभनसहित दबाब र धम्की दिइरहेको पीडित परिवारको गुनासो छ। 'घटनाको बारेमा परिवारले थाहा पाएलगत्तै प्रहरीमा दिएको किटानी जाहेरी दर्ता भई आरोपी पक्राउ पर्दासमेत आर्थिक प्रलोभनसहित धम्क्याउन छोडेका छैनन्,' पीडितकी आफन्तले भने।

पीडित परिवारले प्रहरीमा जबर्जस्ती करणीसम्बन्धी कसुरमा दिएको किटानी जाहेरी दर्ता गरी अनुसन्धान भइरहेको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। आरोपीले ८ कार्तिकदेखि १२ कार्तिकसम्म नाबालिकालाई टिफिनको समयमा कार्यालयमा पुर्याएर चकलेट दिँदै ललाइफकाई पटक-पटक बालयौन दुरुपयोग गर्दै आएको कुरा १७ कार्तिकमा नाबालिकाले रुँदै सुनाएपछि मात्र थाहा पाएको पीडित परिवारले प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ।

आरोपीले नाबालिकालाई कार्यालयमा लगेर फकाउँदै पटक-पटक यौन दुर्व्यवहारको कारणले पिसाब गर्नसमेत गाह्रो भएपछि छालासम्बन्धी कुनै समस्या होला भन्ठानेर त्यति चासो नदिएको आफन्तले सुनाए। उनका अनुसार केही दिन विद्यालय नपठाउँदा घाउ ठिक हुने, पठाएपछि पुनः त्यही समस्या दोहोरिन थालेपछि १७ कार्तिकमा अस्पताल पुर्याएर चेकजाँच गराउँदा जबर्जस्ती करणी भएको हुन सक्ने स्वास्थ्यकर्मीले औंल्याएका थिए। 'त्यसपछि नाबालिकालाई सोधपुछ गर्दा रुदै आरोपी शिक्षकले आफूमाथि गरिरहेको उत्पीडनको बारेमा सुनाएकी हुन्,' जाहेरीमा भनिएको छ।

निष्पक्ष छानबिन र न्यायको माग

नाबालिकामाथि विद्यालयमै यौन उत्पीडन भएको घटना सार्वजनिक भएपछि महिला मानव अधिकार रक्षक राष्ट्रिय सञ्जालले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै घटनाको निष्पक्ष, प्रभावकारी तथा अनुसन्धान गरी घटना प्रभावित नाबालिकाको न्याय सुनिश्चितताको माग गरेको छ। संजालकी अध्यक्ष श्यामकुमारी साहले शुक्रबार प्रेस विज्ञप्तिमार्फत नाबालिकामाथि भएको यौन हिंसा मानव अधिकार, बालअधिकार तथा बालिकाको सम्मानपूर्वक बाँच्न पाउने अधिकारमाथिको गम्भीर उल्लंघन भएकाले नाबालिकाको सुरक्षा, संरक्षण तथा न्यायमा पहुँच सुनिश्चित गर्ने राज्यको दायित्वको स्मरण गराएकी छिन्।

विज्ञप्तिमा घटनाको अनुसन्धान तथा न्यायिक प्रक्रियामा कुनै पनि राजनीतिक, आर्थिक वा अन्य प्रकारको दबाब र प्रभाव पर्न नदिई कानुनबमोजिम दोषी ठहर हुने व्यक्तिलाई हदैसम्मको कानुनी कारबाही, पीडित नाबालिका तथा परिवारको गोपनीयता, सुरक्षा, सम्मान र मनोसामाजिक अवस्थालाई प्राथमिकतामा राखी आवश्यक मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार तथा कानुनी सहायता उपलब्ध गराइनुपर्ने उल्लेख छ।

'पीडित बालिका तथा परिवारलाई न्याय प्राप्तिको प्रक्रियामा थप पीडा, धम्की, दबाब वा सामाजिक लाञ्छनाबाट संरक्षण गरियोस्,' विज्ञप्तिमा भनिएको छ, 'स्थानीय सरकार, विद्यालय, प्रहरी तथा सम्बन्धित निकायले बालबालिकामाथि हुने यौन हिंसा रोकथाम, सुरक्षा र संरक्षणका लागि प्रभावकारी संयन्त्र निर्माण गरी घटना दोहोरिन नदिन पनि पहल गरियोस्।' बालबालिकामाथि हुने यौन हिंसा कुनै पनि अवस्थामा स्वीकार्य हुन नसक्ने उल्लेख गर्दै विज्ञप्तिमा सञ्जाल घटनाको न्यायिक प्रक्रियाप्रति संवेदनशील निगरानीसहित पीडितको न्याय, सुरक्षा र सम्मानका पक्षमा निरन्तर आवाज उठाउने प्रतिबद्धता व्यक्त गरिएको छ।

उद्योगबाट निस्कने दूषित पानीले घुर्मी खोला .....

नियन्त्रण गर्ने प्रयास गरिने उनको भनाइ छ।

मिर्चैया नगरपालिकाका नगर प्रमुख श्रवण यादवले स्थानीयको गुनासोपछि आफूले पटक-पटक उद्योगलाइ समस्या समाधान गर्न आग्रह गरेको बताए। तर, उद्योगले नगरपालिकाको आग्रहलाई समेत बेवास्ता गर्दै आएको उनको भनाइ छ।

नगर प्रमुख यादवले अब आफैं स्थलगत अनुगमन गरी स्थानीयको गुनासोबारे बुझ्ने र आवश्यकताअनुसार नगरपालिकाको तर्फबाट कानुनी कारबाही प्रक्रिया अघि बढाउने बताए।





